"शिक्षित, स्वस्थ व्यवसायिक शहर: उत्थानशील र समृद्ध मन्थली नगर"

# मन्थली नगरपालिकाको सभाको १९औं अधिवेशनमा

## नगर उप-प्रमुख श्री ईश्वरी बस्नेतद्वारा प्रस्तुत

# **आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य**

मन्थली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मन्थली रामेछाप

## ८ असार २०८३

**मन्थली नगरपालिकाको यस गरिमामय नगरसभाका सभाध्यक्ष एव नगर प्रमुखज्यू, सभाका सचिव तथा प्रमुख प्रशासकीय अधिकृतज्यू, नगर सभाका सदस्यज्यूहरू, नगरपालिकामा कार्यरत कर्मचारी, सञ्चारकर्मी, लगायत उपस्थित सम्पूर्ण महानुभावहरु तथा रेडियोबाट प्रत्यक्ष प्रसारण सुनीरहनु भएका सम्पूर्ण नगरवासीहरु प्रति मन्थली नगरपालिका र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु ।**

सर्वप्रथम मन्थली नगरपालिकाको सभाको १९औं अधिवेशनमा मन्थली नगरपालिकाको उपप्रमुखको हैसियतले आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गर्न पाउँदा हर्ष र गौरवको अनुभूति गरेको छु।यस अवसरमा मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना र समृद्धिको लागि, विभिन्न समयमा भएका ऐतिहासिक आन्दोलनहरूमा जीवन उत्सर्ग गर्नु हुने ज्ञात-अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै विभिन्न समयमा भएका राजनैतिक, सामाजिक आन्दोलनका क्रममा घाइते हुन पुगेका नागरिकहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

नेपालको संविधानले परिकल्पना गरेको दीगो शान्ति, सुशासन, विकास र समृद्धिको लक्ष्य अनुरुप **समृद्ध नेपाल, सुखी नेपाली** भन्ने राष्ट्रिय संकल्प हासिल गर्न र मन्थली नगरपालिकाले तय गरेको "शिक्षित, स्वस्थ, व्यवसायिक शहर : उत्थानशील र समृद्ध मन्थली नगर" भन्ने दीर्घकालीन सोच पुरा गर्न समावेशी एवं पारदर्शी विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउने हाम्रो प्रतिवद्धता रहेको छ।

संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने बजेट श्रोतको अनिश्चितताले नगरको विकास गतिविधि तथा सेवा प्रवाहमा असर पुऱ्याएको यथार्थता हामी सबैले अनुभूति गरेका छौँ । यस्ता चुनौतिहरूको बीचमा पनि जनअपेक्षा अनुसार सुशासन प्रवर्द्धन, पूर्वाधार विकास, सामाजिक सुरक्षा, लैङ्गिक समानता तथा समावेशिता, शिक्षा, स्वास्थ्य एवं आर्थिक सशक्तीकरणका क्षेत्रमा परिणाममुखी कार्यहरू गर्दै अगाडी बढ्ने दस्तावेजको रुपमा यो बजेट रहने हामीले आशा गरेका छौं ।

हाम्रो दृढ संकल्प, उपयुक्त नीति, स्थानीय स्रोतको अधिकतम उपयोग, निजी क्षेत्र एवं सहकारी क्षेत्रको साझेदारी, जनसहभागिता र राजनीतिक स्थायित्व सहित मन्थली नगरलाई स्मार्ट, समावेशी र आत्मनिर्भर नगरको रूपमा विकास गर्नका लागि प्रस्तुत बजेटले मार्गनिर्देश गर्ने विश्वास लिएको छु ।

आगामी आ.व. २०८३/८४ को बजेट तर्जुमा गर्दा नेपालको संविधान, सोह्रौं पञ्च वर्षीय योजना, दीगो विकासको लक्ष्य, चालु आर्थिक वर्ष २०८२/८३ को वजेट कार्यान्वयनको अवस्था, आ.व. २०८३/०८४ मा नगरले लिएको नीति तथा कार्यक्रम आदिलाई प्रमुख आधार बनाएको छु । त्यसैगरी स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, विभिन्न विषयगत समितिका निर्णयहरु, सभाका सदस्यज्यूहरु, राजनैतिक दल, संघसंस्था, निजी क्षेत्र, विकास साझेदार, सञ्चार जगत, राष्ट्र सेवक कर्मचारी तथा नगरवासीका अमूल्य सुझावहरुलाई समेत प्राथमिकतामा राखेको छु ।

**आदरणीय अध्यक्षज्यू तथा सदस्यज्यूहरु,**

अब म मन्थली नगर पालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को जेठ मसान्त सम्मको यथार्थ आय तथा व्ययको संक्षिप्त अवस्था यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु। चालु आ.व. २०८२/८३ को कूल प्रक्षेपित वजेट १ अर्व ४ करोड ६५ लाख ६४ हजार रहेको यहाँहरुलाई अवगत नै छ ।

**आय तर्फ**

चालु आ.व. २०८२/८३ मा आन्तरिक राजश्व ३ करोड ८४ लाख ५ हजार हुने अनुमान गरिएकोमा २०८३ जेठ मसान्तसम्म रु ३ करोड ७ लाख ४९ हजार प्राप्त भएको छ । संघीय सरकारबाट राजश्व बाँडफाँड रकम रु. ११ करोड ५० लाख ३ हजार प्राप्त हुने प्रक्षेपण गरिएकोमा हालसम्म जम्मा रु.९ करोड ९४ लाख ७३ रुपैया मात्र प्राप्त भएको छ । प्रदेश सरकारबाट राजश्व बाँडफाडतर्फ ४ करोड ९३ लाख ६८ हजार रकम प्राप्त हुने अनुमान गरिएकोमा हालसम्म ३ करोड ४३ लाख २० हजार मात्र प्राप्त भएको छ । नगरको आन्तरिक श्रोत र संघीय एवं प्रादेशिक राजश्व बाँडफाडको हालसम्मको प्राप्तिको अवस्था भने सन्तोषजनक रहेको छ । त्यसैगरी संघीय वित्तीय समानीकरण तर्फ रु. १८ करोड ५२ लाख प्रक्षेपण गरिएकोमा हालसम्मको निकासाको अवस्था हेर्दा सोको ९१.४५ प्रतिशत अर्थात रु. १६ करोड ९३ लाख ६५ हजार मात्र देखिन्छ । संघीय सरकारबाट वित्तीय समानिकरण अनुदान कटौती हुने परिपत्रको माध्यमबाट जानकारी प्राप्त भएकाले यस वर्ष समानीकरण अनुदानको ८.४५ प्रतिशत अर्थात् १ करोड ५८ लाख ३४ हजार वजेट प्राप्त नहुने स्पष्ट संकेत देखिएको छ । यसबाट चालु आ.व. ०८२/८३ विनियोजित बजेटबाट सञ्चालित आयोजना तथा कार्यक्रमको भुक्तानीमा कठिनाई हुने अवस्था टड्कारो रुपमा देखिएको छ ।

**व्यय तर्फ**

चालु आ.व.२०८२/ ०८३ मा विनियोजित बजेट मध्ये २०८३ जेठ मसान्तसम्म चालु तर्फ रु. ४७ करोड ९३ लाख ३२ हजार र पूँजीगत तर्फ रु ११ करोड १३ लाख ७८ हजार गरी जम्मा रु ५९ करोड ७ लाख ११ हजार खर्च भएको छ । यो खर्च रकम कुल वजेटको ६० प्रतिशत हो । खर्चको यो अनुपात र हाल कार्यान्वयन भई रहेका योजना कार्यक्रमको अवस्था विश्लेषण गर्दा चालु आ.व. को अन्त्यसम्ममा कम्तिमा ८८ प्रतिशत खर्च हुने आँकलन गरिएको छ ।

**आदरणीय  सभाध्यक्षज्यू,**

अब म मन्थली नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेटका उद्देश्य र प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**बजेटका उद्देश्यहरू:**

"शिक्षित, स्वस्थ, व्यावसायिक शहर: उत्थानशील र समृद्ध मन्थली नगर" भन्ने नगरको दीर्घकालिन सोच साकार पार्न आगामी आ.व.का बजेट निर्माणका निम्न उद्देश्यहरु लिएको छुः

(क) गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा सामाजिक विकासमा नागरिकको पहुँच विस्तार गर्नु,

(ख) कृषि, पशुपालन, उद्यमशीलता र वजारीकरणका माध्यमबाट स्थानीय अर्थतन्त्रलाई सबल बनाउनु,

(ग) दीगो तथा समावेशी पूर्वाधार विकास गरी नगरवासीहरुको  जीवनस्तर सुधार गर्नु,

(घ) रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरणमा योगदान पुर्‍याउनु,

(ङ) सुशासन, पारदर्शिता र जवाफदेहीतालाई संस्थागत गर्नु,

(च) वातावरण संरक्षण, विपद जोखिम न्यूनीकरण तथा जलवायु अनुकूल विकासलाई प्रवर्धन गर्नु,

(छ) महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको सशक्तीकरण गर्नु,

(ज) सूचना प्रविधिमैत्री, सुरक्षित र व्यवस्थित नगर निर्माण गर्नु,

## उल्लेखित उद्देश्यहरु प्राप्तिका लागि देहाय बमोजिमका प्राथमिकताका क्षेत्रहरु निर्धारण गरेको छुः

१. शिक्षा युवा तथा खेलकूद विकास

२. स्वास्थ्य तथा सामाजिक विकास

३. पूर्वाधार विकास

४. कृषि, पशुपन्छी तथा उद्यम विकास

५. वातावरण संरक्षण तथा विपद व्यवस्थापन

६. लैङ्गिक समता र सामाजिक समावेशीकरण

७. सुशासन, संस्थागत विकास तथा वित्तीय अनुशासन

८. पर्यटन, संस्कृति तथा सम्पदा संरक्षण

**सभा अध्यक्षज्यू,**

अब म संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण एवं मन्थली नगरपालिकाको प्रक्षेपित आन्तरिक आम्दानी समेतका आधारमा नेपालको संविधानको धारा ६०, धारा 230 तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ बमोजिम आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कुल आम्दानी र खर्चको प्रक्षेपित विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु।

१. मन्थली नगरपालिकाको चालु आ.व.को बैंक मौज्दात रु. ५ करोड हुने अनुमान गरेको छु । स्थानीय राजश्व वाँडफाडबाट प्राप्त हुने विज्ञापन कर वापतको रु. १ लाख २० हजार, घरजग्गा रजिष्ट्रेशन दस्तुर वापत रु. १ करोड, दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय रु ६० लाख समेत गरी आन्तरिक आम्दानी भने ४ करोड ७० लाख ११ हजार हुने प्रक्षेपण गरेको छु । यसबाट नगरपालिकाको कुल आन्तरिक आय रु ९ करोड ७० लाख ११ हजार प्राप्त हुने अनुमान गरेको छु।

२. नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व वाँडफाँड  रु. १७ करोड २१ लाख ८ हजार आम्दानी हुने अनुमान गरेको छु । सो रकममा संघीय राजस्व बाँडफाँडबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर तथा अन्तशुल्कको रकम रु. ११ करोड ९३ लाख ९३ हजार,  वन रोयल्टी १५ हजार विद्युत रोयल्टी २७ लाख र बागमती प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन कर वापतको राजश्व रु. ५ करोड समावेश गरेको छु ।

३. अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट जम्मा रु. ७५ करोड ९२ लाख ४६ हजार प्राप्त हुने अनुमान गरिएको छ, जसमा संघीय सरकारबाट रु. ६७ करोड ५२ लाख र प्रदेश सरकारबाट रु. ८ करोड ४० लाख ४६ हजार रहेको छ। उल्लेखित वित्तीय हस्तान्तरित सिलिङमा संघीय सरकारबाट समानीकरण अनुदानको रु.१८ करोड ८३ लाख,  सशर्त अनुदान चालुको रु. ४४ करोड ९३ लाख, विशेष अनुदान पूँजीगतको रु. १ करोड ७२ लाख तथा समपूरक अनुदान पूँजीगत रु. २ करोड ४ लाख प्राप्त हुने अनुमान गरेको छु ।

४. त्यसै गरी प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदानको रु. १ करोड ८१ लाख २४ हजार, सशर्त अनुदान चालुको रु. ३ करोड ३९ लाख २२ हजार, सशर्त अनुदान पूँजीगतको रु. ५०  लाख विशेष अनुदान चालुको रु. ७० लाख तथा समपूरक अनुदान पूँजीगतको रु. २ करोड प्राप्त हुने अनुमान गरेको छु ।

५. अन्तरसरकारी वित्तीय हस्तान्तरण र आन्तरिक राजश्व परिचालनका अतिरिक्त आगामी आर्थिक वर्षमा जनसहभागितामा आधारित कार्यक्रमबाट रु. ३६ लाख ५० हजार प्राप्त हुने अनुमान गरेको छु ।

६. यसरी आन्तरिक स्रोत, राजस्व बाँडफाँड, अन्तरसरकारी वित्तीय हस्तान्तरण अनुदान र जनसहभागिता समेत गरी मन्थली नगरपालिकाको कुल बजेट रु. १ अर्ब ३ करोड २० लाख १५ हजार हुने अनुमान गरेको छु।

७. यस सम्मानित सभाले बाँडफाँड गर्ने बजेटतर्फ भने समानीकरण अनुदान (संघ र प्रदेश)को रु.२० करोड ६४ लाख २४ हजार, राजश्व वाँडफाडतर्फ (संघ र प्रदेश )को रु.१७ करोड २१ लाख ८ हजार, बैंक मौज्दात समेत गरी आन्तरिक आयको रु. ९ करोड ७० लाख ११ हजार गरी कुल ४७ करोड ५५ लाख ४३ हजार रुपैंया रहेको छ । यसको क्षेत्रगत विनियोजन तथा वार्षिक विकास कार्यक्रमको सूची अनुसूचीमा संलग्न गरेको छु ।

८. स्थानीय संचित कोषबाट व्यवस्थापन हुने **कुल बजेट रु. १ अर्ब ३ करोड २० लाख १५ हजार** मध्ये चालु बजेटतर्फ ७४.०३ प्रतिशत र पूँजीगत बजेट २५.९७ प्रतिशत हुने गरी विनियोजन गरेको छु । संघ र प्रदेशबाट हस्तान्तरण भई आएका कार्यक्रमहरु मध्ये पूँजीगततर्फ क्रमश: ७.२३% र ३७.९२% तथा चालुतर्फ ९२.२७% र ६२.०८% प्राप्त हुने अनुमान गरेको छु । यसैगरी नगरसभाबाट विनियोजन हुने मध्ये ५७.१३ प्रतिशत चालुतर्फ र ४२.८७ प्रतिशत पूँजीगतर्फ विनियोजन गरेको छु ।

९. माथि प्रकरणमा उल्लेखित प्रक्षेपित आम्दानीका अतिरिक्त स्थानीय संचित कोष प्रणालीबाट व्ययभार हुने बाहेक सामाजिक सुरक्षा भत्ता रकम तथा संघ र प्रदेश सरकारबाट विभिन्न समयमा खर्च गर्ने अख्तियारी सहित प्राप्त हुने अन्य कार्यक्रमहरु समेत सञ्चालन तथा कार्यान्वयन हुनेछन् ।

**सभाध्यक्षज्यू,**

**अब म बजेटका क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

मन्थली नगरपालिकाको आगामी आ.व. २०८३/८४ को प्रस्तावित वजेटको विषय क्षेत्रगत विश्लेषण गर्दा कुल बजेट मध्ये सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा २ प्रतिशत अर्थात् रु. १ करोड ७१ लाख २७ हजार, कार्यालय सञ्चालनमा १६ प्रतिशत अर्थात् रु. 1६ करोड ९३ लाख ९ हजार, आर्थिक विकासमा ४ प्रतिशत अर्थात् रु. ३ करोड ८६ लाख २३ हजार, सामाजिक विकासमा ५५ प्रतिशत अर्थात् रु. ५६ करोड २७ लाख ६१ हजार र पूर्वाधार विकासमा २४ प्रतिशत अर्थात् २४ करोड ४१ लाख ९२ हजार हुन आउछ ।

## कृषि विकास

१. स्थानीय कृषि उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने, कृषिमा युवा आकर्षण बढाउने, उत्कृष्ट कृषकलाई पहिचान एवम् सम्मान गर्ने, दीगो भू-उपयोगमार्फत जग्गाको सदुपयोग गर्ने र नगरलाई कृषि उद्योगको केन्द्रका रूपमा विकास गर्ने उद्देश्यका साथ तीनै तह (स्थानीय, प्रदेश र संघीय) स्रोतबाट रु. १ करोड ४१ लाख ४५ हजार बजेट विनियोजन गरेको छु।

२. नगरस्तरीय कृषि मेला प्रदर्शनी, उत्पादनमा आधारित अनुदान, रैथाने बाली प्रवर्द्धन तथा संरक्षणका लागि रु. ८ लाख र प्रविधि हस्तान्तरणका लागि रु. ६ लाख ५० हजार विनियोजन गरेको छु। त्यसैगरी नगरको पोषण सुधार तथा खाद्य सुरक्षा सुनिश्चित गर्न, खाद्यान्न बालीको उन्नत बीउ र तरकारीको बेर्ना वितरणका लागि रु. १० लाख २५ हजार बजेटको व्यवस्था गरेको छु।

३. व्यावसायिक खेती प्रवर्द्धनका लागि उत्कृष्ट कृषक प्रोत्साहन, 'एक वडा, एक उत्पादन' कार्यक्रम, वास्तविक किसानको हकहित र अनुदान सुनिश्चित गर्न किसान सूचीकरण तथा तथ्याङ्क व्यवस्थापन, एवं माटोको उर्वराशक्ति जोगाउन माटो स्वास्थ्य सुधार कार्यक्रम सञ्चालन गर्न रु. १८ लाख ५० हजार बजेटको व्यवस्था गरिएको छ। उत्पादित कृषि उपजहरू बिग्रिन नदिन र कृषकले उचित मूल्य पाऊन् भन्ने उद्देश्यले बागमती प्रदेश सरकारसँगको सहकार्यमा शीतभण्डार गृह सञ्चालन, कृषि एम्बुलेन्स सहितको कृषि उपज बजार सञ्चालन तथा व्यवस्थापन लगायतका कार्यक्रमका लागि रु. ३० लाख बजेटको व्यवस्था गरेको छु। त्यसैगरी बाली जोखिम न्यूनीकरण, बाँझो जग्गाको सदुपयोग, कफी र सैजन खेती प्रवर्द्धन तथा जलवायु अनुकूलन कार्यक्रमतर्फ रु. १३ लाख विनियोजन गरेको छु।

## पशुपन्छी विकास

४. नगरपालिका र पशु सेवा केन्द्रबाट पशुपन्छीहरुको प्राथमिक उपचार गर्न १४ लाख र पशु आहाराको लागि आवश्यक पर्ने पोषिलो घाँसको बीउ, बेर्ना उपलब्ध गराउन २ लाख बिनियोजन गरेको छु।

५. समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रमतर्फ गाईपालनको लागि प्रदेश सरकारसँग साझेदारी गर्न १३ लाख ३३ हजार ५ सय विनियोजन गरेको छु।

६. पशुहरुमा देखा पर्ने माहामारी तथा आकस्मिक रोग नियन्त्रणको लागि संघीय सरकारको समन्वयमा खोप सेवा संचालन गर्न रु.४ लाख १० हजार विनियोजन गरेको छु । सामुदायिक छाडा कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रणका लागि रु.३ लाख ६० हजार विनियोजन गरेको छु ।

७. व्यवसायिक दुध उत्पादक कृषकलाई प्रदान गरिँदै आएको प्रति लिटर रु.२ रुपैया ५० पैसा प्रोत्साहन अनुदानलाई निरन्तरताका लागि प्रदेश सरकारसँगको साझेदारीमा रु. ३० लाख ५० हजार व्यवस्था गरेको छु। समग्र नगरको पशुपन्छी सम्बन्धी कार्यक्रमको लागि तीनै तहको सरकारको साझेदारीमा रु. १ करोड २ लाख ३३ हजार ५ सय वजेट विनियोजन गरेको छु ।

## उद्यम विकास

८. उप-प्रमुखसँग सीप विकास, आय आर्जनमूलक तथा प्रविधि हस्तान्तरण मार्फत उद्यमशीलता, सीप विकास तालिम, प्रविधि सहयोग प्रदान गरी लघु, घरेलु तथा साना उद्योग स्थापना र उत्पादित वस्तुको बजारीकरणको लागि रु ७ लाख बजेट बिनियोजन गरेको छु ।

९. नगरवासीहरुको आयआर्जनमा सुधार गर्न साबुन उद्योग विस्तार, चप्पल उद्योग स्थापना र निजी क्षेत्रसँगको साझेदारीमा सञ्चालन हुने कार्यक्रमको लागि रु. १६ लाख बिनियोजन गरेको छु ।

१०. कृषि तथा लघु उद्यम प्रदर्शनी, अन्तरक्रिया, उद्यमीहरुको शुरु पूँजी (Start up) लगायत उद्यम विकाससँग सम्बन्धित कार्यक्रमको लागि रु. ७ लाख ५० हजार बजेट बिनियोजन गरेको छु ।

११. संघीय शसर्त अनुदान तर्फ गरिवी निवारणका लागि लघु उद्यम विकास (MEDPA) कार्यक्रमलाई निरन्तरता दिई लक्षित वर्गको मागको आधारमा स्थानीय उत्पादन र बजारीकरणमा सहयोग पुग्ने गरी कार्यक्रम कार्यान्वयन गर्न रु. २ लाख ७३ हजार बिनियोजन गरेको छु । यसरी समग्र लघु उद्यम बिकास कार्यक्रम अन्तर्गत कूल रु.४२ लाख ५० हजार बिनियोजन गरेको छु ।

## राष्ट्रिय रोजगार तथा सुरक्षित आप्रवासन कार्यक्रम

१२. **"श्रमको सम्मान, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापन"** गर्ने नीति अवलम्बन गरिनेछ। उत्पादन र उद्यमशीलता मार्फत् आन्तरिक रोजगारी सिर्जना तथा प्रवर्द्धन, श्रमिकहरूको अभिमुखीकरण एवं बीमा, न्यूनतम रोजगारीको प्रत्याभूति र डिजिटल श्रम तथा रोजगार सेवा केन्द्र सञ्चालन लगायतका समग्र कार्यक्रमका लागि **रु. १९ लाख ४० हजार** बजेटको व्यवस्था गरेको छु।

**१३.** संघीय सरकारको समन्वयमा सुरक्षित आप्रवासन कार्यक्रमलाई निरन्तरता दिइनेछ। वैदेशिक रोजगारीका क्रममा समस्यामा परेका श्रमिक तथा तिनका परिवारलाई कानुनी सहजीकरण, उद्धार र क्षतिपूर्ति दिलाउन समन्वय गर्नुका साथै प्रभावित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ। वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई उद्यमशीलतामा जोड्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ। विदेशबाट फर्किएका नागरिकको ज्ञान, सीप र अनुभवलाई स्थानीय स्तरमा उपयोग गर्न प्रविधि, पूँजी र प्राविधिक सहयोग उपलब्ध गराई उनीहरूको आर्थिक तथा सामाजिक पुनःस्थापनामा विशेष जोड दिइनेछ। **'देशमै कमाऊँ, देशमै रमाऊँ'** भन्ने उद्देश्यका साथ यी समग्र कार्यक्रमहरू सञ्चालन गर्न **रु. ३१ लाख** बजेटको व्यवस्था मिलाएको छु।

## पर्यटन तथा धार्मिक स्थल

१४. मन्थली नगरपालिकामा पर्यटनको संभावना भएका पर्यटकीय तथा धार्मिक र ऐतिहासिक महत्व बोकेका नगरका चिसापानी गढी, तिल्केस्थान गढी, थानापति महादेव लगायतका स्थलहरूको संरक्षण, प्रचार प्रसार र प्रवर्द्धन गर्दै स्थानीय पर्यटन विकास गर्नका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु । प्रमुख पर्यटकीय क्षेत्रहरूमा रैथाने संस्कृति, मौलिक भेषभूषा र स्थानीय परिकारको संरक्षण गरिनुका साथै **"नगर र राष्ट्रको गौरव बढाउने सगरमाथा आरोहीहरू"** लाई प्रोत्साहन गर्ने कार्यक्रम समावेश गरेको छु। यी समग्र पर्यटन प्रवर्द्धनका गतिविधि सञ्चालन गर्न **रु. १२ लाख** बजेटको व्यवस्था गरेको छु।

## सहकारी

१५. मन्थली नगरपालिका भित्र सञ्चालित सहकारी संस्थाहरूको लगानीलाई उपभोगमुखी क्षेत्रबाट उत्पादनमुखी, रोजगारमूलक तथा स्थानीय आर्थिक विकासमुखी क्षेत्रमा रुपान्तरण गर्दै सहकारी क्षेत्रलाई नगरको समृद्धिको प्रमुख आधारस्तम्भका रुपमा विकास गरिनेछ । **" सुशासित, प्रविधीमैत्री, उत्पादनमुखी र सदस्य केन्द्रित सहकारी मार्फत समृद्ध स्थानीय अर्थतन्त्र निर्माण गर्ने"** मूल उद्देश्यका साथ सहकारी क्षेत्रमा सहकारी सुशासन तथा वित्तीय अनुशासन,

संस्थागत एकीकरण तथा सुदृढीकरण, नियमित निरीक्षण र अनुगमनका साथै उत्कृष्ट सहकारी प्रोत्साहनका लागि रु. ८ लाख ५० हजार विनियोजन गरेको छु।

## सिँचाइ

१६. खेतीयोग्य र उर्वर जमिनको समुचित उपयोग गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि सरकार-समुदाय साझेदारीमा साना एवं भूमिगत लगायतका वैकल्पिक सिँचाइ प्रविधि अनुशरण गरिनेछ। यसबाट सिंचित क्षेत्र विस्तारका लागि लगानी हुने गरी रु. २८ लाख बजेट विनियोजन गरेको छु।

## शिक्षा, युवा तथा खेलकुद

१७. संघ र प्रदेश सरकारको सहकार्यमा आधारभूत तहमा विद्यालय उमेर (५-१२) का सम्पूर्ण बालबालिकाहरू विद्यालयमा ल्याउने, टिकाउने र सिकाउने वातावरण सिर्जना गरी भर्ना सुनिश्चत गरिनेछ । अनिवार्य तथा नि:शुल्क शिक्षा कार्यक्रम कार्यान्वयनको निरन्तरता र दीगोपनका लागि रु. १९ लाख बजेट विनियोजन गरेको छु।

१८. अभिभावकसँगको साझेदारीमा सामुदायिक विद्यालयहरुका कक्षा ६ मा अध्ययरत विद्यार्थीहरुलाई प्रति दिन रु.१० को दरले दिवा खाजा व्यवस्थापन गर्न रु.८ लाख वजेट विनियोजन गरेको छु।

१९. सामुदायिक विद्यालयहरुलाई संघीय सरकारले उपलब्ध गराउँदै आएको सञ्चालन तथा व्यवस्थापन खर्चको अतिरिक्त तहगत रुपमा नगरपालिकावाट थप रकमका लागि रु. ११ लाख ९५ हजार बजेट विनियोजन गरेको छु।

२०. विद्यार्थीहरूको अन्तरनिहित क्षमताको प्रस्फुटन गराउन माध्यमिक तह (९-१०) स्तरीय विज्ञान प्रदर्शनी, हाजिरीजवाफ प्रतियोगिता, वक्तृत्वकला प्रतियोगिता, आधारभूत तह ( ६-८) गणित सामग्रीको प्रदर्शनी, शैक्षिक मेला प्रदर्शनी र नृत्य/गायन आदि अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्नको लागि रु. ८ लाख २६ हजार बजेट विनियोजन गरेको छु।

२१. १४ वटै वडाबाट एक/एक जना विद्यार्थीलाई निःशुल्क विज्ञान विषय (कक्षा ११-१२) मा अध्ययन गराउन प्रदान गरिदै आएको छात्रवृत्ति अनुदानलाई निरन्तरता दिएको छु । छात्रवृतिमा अध्ययनरत विद्यार्थीहरुलाई विज्ञान शिक्षणमा सहयोग गर्न इन्टर्नसीप परिचालन गरिनेछ । कृषि र पशु विज्ञान विषय अध्ययन गर्न १४ वटै वडावाट एक एक जना विद्यार्थीलाई छात्रवृत्तिमा अध्ययनको लागि रु. १४ लाख बजेट विनियोजन गरेको छु।

२२. मन्थली नगरपालिका अन्तरगतका सामुदायिक र संस्थागत विद्यालयबाट आधारभूत शिक्षा परीक्षा (कक्षा ८) र माध्यामिक शिक्षा परीक्षा (SEE) मा 4 GPA सहित उत्तीर्ण हुने विद्यार्थीहरुलाई प्रोत्साहन एवं पुरस्कृत गर्नको लागि रु. ३ लाख ५९ हजार बजेट विनियोजन गरेको छु।

२३. विद्यालयको संस्थागत र शैक्षिक विकासमा अभिभावकहरुको सहभागिता अभिवृद्धि गर्नका लागि अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्न रु. ३ लाख बजेट विनियोजन गरेको छु।

२४. विद्यार्थीहरूमा सामाजिक सद्भाव र सेवाको भावना जागृत गराउन नेपाल स्काउट, जुनियर रेडक्रस सर्कल र बाल समूहहरु परिचालनका लागि रु. ५ लाख बजेट व्यवस्थापन गरेको छु ।

२५. खेलकुदको माध्यमबाट युवाहरुको सर्वाङ्गिण विकासमा टेवा पुऱ्याउन नगर कप र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिनको लागि रु. ४५ लाख बजेट व्यवस्थापन गरेको छु ।

२६. उच्च शिक्षा (M.Phil., PhD) मा अध्ययन गर्न चाहने नगरवासीहरुलाई प्रोत्साहन गर्न आवश्यक वजेट विनियोजन गरेको छु।

२७. नगरबाट व्यवस्थापन गरिएका बाल विकास सहजकर्ता, माध्यमिक तथा निम्न माध्यमिक तहमा नगर अनुदान तर्फका शिक्षकहरुको तलवभत्ता र संघीयतर्फ बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी र सामुदायिक सिकाई केन्द्रका सहजकर्ताहरुको थप तलवभत्ता व्यवस्थापनका लागि रु. २ करोड ५९ लाख ७४ हजार बजेट विनियोजन गरेको छु।

## स्वास्थ्य सेवा

२८. स्वास्थ्य सेवालाई गुणस्तरीय रुपमा सञ्चालन गरी नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्न ९८ थरी निशुल्क औषधि वितरण गर्नको लागि नगरपालिकाबाट रु. १८ लाख ५० हजार र संघबाट १४ लाख ८7 हजार समेत गरी औषधि खरिदमा रु. ३३ लाख ३७ हजार बजेट व्यवस्था गरेको छु।

२९. दलित महिला, एकल महिला र ख वर्गका अपाङ्ग भएका व्यक्ति, ६० देखि ७० वर्षका दलित घरपरिवार र स्वास्थ्य संस्थामा सुत्करी हुने महिला परिवारको लागी ५०% सहयोग रकम तथा गरीव एवं विपन्न नागरिकहरुको स्वास्थ्य बीमा प्रयोजनका लागि रु. ६ लाख विनियोजन गरेको छु।

३०. "म स्वस्थ, मेरो समुदाय स्वस्थ" भन्ने नारालाई साकार पार्न "नागरिकसँग स्वास्थ्यकर्मी" कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छ। स्वास्थ्कर्मी परिचालनका माध्यमबाट घरदैलोमा नै नागरिकको स्वास्थ्य प्रवर्धन गर्न ४३ वटा केन्द्र निर्धारण गरी स्वास्थ्य सेवा प्रदान गर्न रु. ४ लाख ६० हजार र सुत्केरीसँग उपमेयर कार्यक्रम संचालन गर्न रु. ९ लाख बजेट विनियोजन गरेको छ।

३१. नवशिशु मृत्युदर, बाल मृत्युदर र मातृ मृत्युदर कम गर्नको लागि स्थानीय तहमा आमा सुरक्षा मातृ तथा नवजात शिशु कार्यक्रम, खोप कार्यक्रम, छोरी जन्म तथा ३ सन्तति जन्म प्रोत्साहन, Blood Bank व्यवस्थापन, गर्भवती तथा सुत्केरी रेफरल फण्ड लगायतको व्यवस्थापनको लागि जम्मा रु. २ करोड ५७ लाख ५३ हजार विनियोजन गरेको छ।

३२. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको मनोबल उच्च राख्नको लागि मासिक बैठकको भत्ता एवं खाजा खर्चमा ४२ प्रतिशत रकम वृद्धि गरेको छ । समुदाय स्तरमा नै आमा समूहको बैठक, घरभेट कार्यक्रम मार्फत खोप, पोषण, श्वासप्रश्वास, झाडापखाला जस्ता रोग नियन्त्रण गरी सोको अभिलेख प्रतिवेदन समेत व्यवस्थापन गर्न महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमको यातायात खर्च, मासिक बैठक, पोशाक लगायतको व्यवस्थाको लागि संघ, प्रदेश र स्थानीय तह गरी जम्मा रु. ६४ लाख ५१ हजार बिनियोजन गरेको छ।

३३. क्यान्सर रोगी, मृगौला रोगी र मेरुदण्ड पक्षघात भएका नागरिकलाई मासिक रु. ५ हजारका दरले उपचार खर्च प्रदान गर्न संघीय सरकारको सहयोगमा रु.३७ लाख ४० हजार वजेटको व्यवस्था गरेको छ।

३४. " किशोरीसँग नर्स", " विद्यार्थीसँग स्वास्थ्यकर्मी कार्यक्रम" लगायतका कार्यक्रमलाई कार्यान्वयन गरी किशोर-किशोरीमैत्री र पोषणमैत्री स्वास्थ्य सेवा प्रवर्धन तथा परिवार स्वास्थ्य व्यवस्थापन कार्यक्रमको लागि रु.६ लाख ४४ हजार विनियोजन गरेको छ।

३५. आयुर्वेद स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन आयुर्वेद स्वास्थ्य, योग शिक्षा र नागरीक आरोग्य कार्यक्रम संचालनका लागि रु.७ लाख १९ हजार विनियोजन गरेको छ।

३६. सन् २०३० सम्म नेपाललाई क्षयरोगमुक्त बनाउने अभियानलाई साकार पार्न क्षयरोगसँग सम्बन्धित कार्यक्रम संचालनको लागि रु.७ लाख ५० हजार विनियोजन गरेको छ।

३७. बागमती प्रदेश मार्फत नगर अस्पताल लगायतका स्वास्थ्य संस्था सुदृढ गरी गुणस्तरीय सेवा प्रदान गर्नका लागि रु. ३ करोड ४५ लाख विनियोजन गरेको छ।

माथि उल्लेखित प्रतिकारात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक लगायतका नगरको समग्र स्वास्थ्य कार्यक्रम संचालन गर्न तीनै तह (स्थानीय, प्रदेश र संघीय) को स्रोतबाट जम्मा रु.१५ करोड १३ लाख वजेट विनियोजन गरेको छ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक**

३८. महिलाहरुको सामाजिक, आर्थिक र राजनैतिक सशक्तीकरण गरी सामाजिक रुपमा सशक्त, आर्थिक रुपमा सक्षम र राजनीतिक रुपमा नेतृत्वदायी भूमिका निर्वाह गर्नका लागि महिला सशक्तिकरणतर्फ आवश्यक वजेटको व्यवस्था गरेको छ। लैङ्गिक हिंसा न्यूनीकरण तथा सामाजिक न्याय कायम गर्न टेवा पुग्ने अभियानसँग सम्बन्धित विभिन्न दिवसीय कार्यक्रम सञ्चालनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छ । महिलाहरुको सीप तथा क्षमता विकासका लागि डिजिटल उद्यमशिलता तालिम, महिला हक अधिकारका विषयमा अन्तर्राष्ट्रिय निर्णय तथा मानव अधिकार प्रवर्धन र जेसी अडिट लगायतका कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्नका लागि रु. ९ लाख १५ हजार बजेट विनियोजन गरेको छ।

३९. हिंसा पिडित महिला तथा बालबालिकाहरुको संरक्षण गर्नका लागि अल्पकालीन सेवा केन्द्र (Safe House) सञ्चालनलाई निरन्तरता तथा अन्य स्थानीय तहसँग समन्वय गरी अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालनका लागि रु.९ लाख बजेट व्यवस्था गरेको छ।

४०. महिला, बालबालिका, अपाङ्ग तथा जेष्ठ नागरिकसँग सम्बन्धित विभिन्न समूह/समितिको बैठक व्यवस्थापन तथा दिवसीय कार्यक्रमहरु अन्तरगत सचेतनामूलक अभियान सञ्चालन गर्नका लागि रु.७ लाख ५० हजार बजेट व्यवस्था गरेको छ।

४१. बालमैत्री स्थानीय शासनमा दिगोपना सुनिश्चितता र बालबालिकाहरुको क्षमता विकास कार्यक्रमहरुका लागि रु.२४ लाख ६० हजार बजेट विनियोजन गरेको छ।

४२. जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुको जीवनयापनमा सहजीकरणका लागि रु.4 लाख बजेट व्यवस्था गरेको छ।

४३. स्थानीय तह कार्यसम्पादन मूल्याङ्कन (LGPAS) का सूचकमा आधारित महिला, बालबालिका, अपाङ्गता भएका र जेष्ठ नागरिकसँग सम्बन्धी कार्यक्रम सञ्चालनका लागि रु.५ लाख ४५ हजार बजेट विनियोजन गरेको छ।

**पूर्वाधार विकास:**

४४. पूर्वाधार विकास क्षेत्र अन्तर्गत आ.ब. २०८३/०८४ को लागि कुल  रु. २४ करोड ४१ लाख ९२ हजार ८२१ रुपैया विनियोजन गरेको छु। नगरपालिका र जनसहभागितामा आधारित कार्यक्रमलाई निरन्तरता दिँदै यसका लागि रु. ५० लाख विनियोजन गरेको छु । वडा कार्यालयको समन्वयमा वडा साझेदारी कार्यक्रम, साना पूर्वाधार मर्मत तथा निर्माण, खानेपानी तथा सिँचाइ योजनाहरू सञ्चालन गर्न वडास्तरीय पूर्वाधार निर्माण तथा मर्मतको लागि वडा सिलिङ मार्फत रु. १० करोड विनियोजन गरेको छु ।

४५. साना पूर्वाधार निर्माण तथा मर्मत सम्भार, खानेपानी र सरसफाईका कार्यक्रमहरू माग र आवश्यकताका आधारमा नगर प्रमुखस्तरीय निर्णयबाट कार्य अगाडि बढाइनेछ, यसको लागि रु. ६६ लाख बजेट विनियोजन गरेको छु । साथै मन्थली नगरपालिका वडा नं. ६ सेलेघाटमा फोहोरमैला व्यवस्थापन केन्द्र (Land Fill Site) निर्माण कार्यको लागि संघीय सरकारको साझेदारीमा  रु. १ करोड ७० लाख विनियोजन गरेको छु ।

४६. मन्थली नगरलाई उज्यालो नगरको रुपमा विकसित गर्ने नीति अनुरुप जडान भएका सडकबत्तीहरुको विद्युत महशुल भुक्तानीको लागि रु. २० लाख बजेट विनियोजन गरेको छु ।

४७. संघ, प्रदेश र सडक बोर्ड नेपाल लगायतका संस्थाहरुसँगको लागत साझेदारीमा आयोजना सञ्चालन गर्न रु.१७ लाख बजेट विनियोजन गरेको छु ।

४८. बालमैत्री पूर्वाधार अन्तर्गत संघीय समपूरक अनुदान मार्फत वडा नं. २ आकाशेमा निर्माणाधिन बालउद्यान तथा खुला व्यायामशाला निर्माण कार्य सम्पन्न गर्न रु.१ करोड ३४ लाख वजेट व्यवस्था गरेको छु।

४९. नगरको केन्द्रबाट सबै वडाको केन्द्रसम्म सर्वयाम यातायात संचालनको सुनिश्चितताको लागि प्रदेश र पालिका समपूरक कार्यक्रम अन्तर्गत वडा नं. १३ र १४ जोड्ने  देवीटार–फुलासी–पोखरीडाँडा सडक, वडा नं. ३ जोड्ने ठूलीमदौ–ठाँटी सडक  लगायतका सडक आयोजनाहरु कार्यान्वयन गर्नको लागि प्रदेश र नगरपालिका गरी रु. ४ करोड बजेट व्यवस्थापन गरेको छु ।

५०. नगरका नागरिकहरुको स्वास्थ्यलाई ध्यानमा राखी १४ वटै वडामा एक वडा एक व्यायामशाला निर्माण गर्न रु. ४२ लाख बजेट विनियोजन गरेको छु ।नगर भित्र रहेका साँस्कृतिक महत्व बोकेका मठमन्दिरहरुको मर्मतसंभारका लागि रु.२० लाख वजेट विनियोजन गरेको छु ।

५१. जग्गाको खण्डीकरण र व्यवस्थित वस्ती विकासको लागि नक्सापास र भू-उपयोग बर्गीकरणलाई प्रभावकारी कार्यान्वयन गर्न र नगर यातायात गुरु योजना अद्यावधिक गर्न रु.९ लाख ५० हजार विनियोजन गरेको छु ।

५२. विकासमा नागरिकहरुको प्रत्यक्ष सहभागिता बढाउन र अपनत्व अभिवृद्धि गरी दिगो विकासमा समेत टेवा पुऱ्याउँने अभिप्रायले नगर र उपभोक्ता वीचको ७०/३० प्रतिशत लागत साझेदारी कार्यक्रमका लागि रु.८६ लाख ५० हजार वजेट विनियोजन गरेको छु ।यसैगरी वडा नगर वीचको ५०/५० प्रतिशत लागत साझेदारी कार्यक्रमका लागि रु.१ करोड ४० लाख रकम विनियोजन गरेको छु ।

## कानून तथा न्याय

५३. कार्य सम्पादनमा आवश्यक कानून निर्माणका साथै निर्मित कानूनको सार्वजनिकीकरण तथा पृष्ठपोषणका लागि आवश्यक वजेट व्यवस्था गरेको छु । न्यायिक समितिको कामलाई छिटो छरितो प्रभावकारी बनाउन वडास्तरमा रहेका मेलमिलाप केन्द्रको व्यवस्थापन तथा मेलमिलापकर्ताको क्षमता विकासका लागि विशेष कार्यक्रम छनौट गरेको छु । नगरभित्र रहेका अशक्त तथा असहाय नागरिकलाई जीविकोपार्जनमा टेवा पुऱ्याउनका साथै कानुन र न्याय क्षेत्रका समग्र कार्यक्रमका लागि रु. १८ लाख वजेटको व्यवस्था गरेको छु ।

## वातावरण विपद तथा फोहोरमैला व्यवस्थापन

५४. जलवायु परिवर्तनसँग सम्बन्धित कार्यक्रमहरूलाई प्राथामिकता दिने नीति अनुरुप वातावरणीय प्रभाव न्यूनीकरण र स्थानीय तहमा जलवायु अनुकूल अभ्यास प्रवर्द्धन गर्न आवश्यकताको आधारमा गैर सरकारी संस्था तथा अन्य संघसंस्थासँग साझेदारी मार्फत सुख्खा क्षेत्रमा वृक्षारोपण तथा पोखरी निर्माण लगायतका प्रभावकारी कार्यक्रम सञ्चालन गर्नको लागि रु.३ लाख रकम विनियोजन गरेको छु । वर्षाका कारण क्षति हुन पुग्ने सडक तत्काल सुचारु गर्न आकस्मिक सडक मर्मत र रेखालु व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

५५. जलजन्य घटनाबाट हुने क्षति न्यूनीकरण तथा उद्धार कार्यका लागि रेस्क्यू ऱ्याफ्टिङ बोट ब्यवस्थापन गर्न रु.१७ लाख वजेट विनियोजन गरेको छु ।

५६. सार्वजनिक जनधनको सुरक्षा सुदृढीकरणका लागि विपदजन्य सामाग्रीहरु त्रिपाल, तारजाली, पाइप आदि व्यवस्थापनका लागि रु. १३ लाख बजेट विनियोजन गरेको छु । आकस्मिक प्रकोपबाट हुन सक्ने क्षतिको तत्काल र प्रभावकारी व्यवस्थापनमा उद्धार तथा राहत कार्यमा खर्च हुनेगरी प्रकोप व्यवस्थापन कोषमा रु. २७ लाख विनियोजन गरेको छु ।

५७. विपद व्यवस्थापन समितिका पदाधिकारीहरूको क्षमता विकास, अध्ययन भ्रमण तथा अभिमुखीकरण कार्यक्रमका लागि रु. २ लाख बजेट विनियोजन गरेको छ ।

५८. विपन्न तथा विपदबाट पीडित, अलपत्र परेका नागरिकहरूको सहयोग र अन्य संस्था, व्यक्ति तथा कार्यक्रमहरू मार्फत सहयोग पुऱ्याउने उद्धेश्यले आवश्यक वजेट विनियोजन गरेको छ।

५९. संवेदनशील एवम् जोखिममा रहेका भू-भागहरुको GIS Mapping को माध्यमबाट लगत तयार गरी संवेदनशील भू-उपयोग योजना निर्माण गर्न र वैकल्पिक उर्जा प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक वजेट विनियोजन गरेको छ ।

६०. घरबाट उत्सर्जन हुने फोहोरमैलालाई उत्पति स्थलमै वर्गीकरण गरी व्यवस्थापन गर्न डस्टवीन वितरणका लागि रु. ३ लाख विनियोजन गरेको छ ।

## सार्वजनिक सेवा प्रवाह, क्षमता विकास र सुशासन

६१. रेडियो कार्यक्रममार्फत नगरको सार्वजनिक सेवा प्रवाहका सवै कार्यक्रमहरुको बारेमा नगरवासीहरुलाई सुसूचित गराउन "हाम्रो मन्थली" नामक कार्यक्रमको निरन्तरताका लागि रु. ५ लाख विनियोजन गरेको छ ।

६२. स्थानीयस्तरमा सञ्चालित मिडियाहरुको प्रवर्द्धन गर्न लोककल्याणकारी विज्ञापनका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

६३. सेवा प्रवाहमा सरल र सहज हुने गरी सुचना प्रविधिसँग सम्बन्धित सफ्टवयर, यन्त्र, उपकरण जडान र यससँग सम्बन्धित प्रभावकारी कार्यक्रम संचालानार्थ रु. १७ लाख बजेट विनियोजन गरेको छ ।

६४. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउन कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास, पदपूर्ति व्यवस्थापन, स्थानीय सरकार कार्यसम्पादन मुल्यांकन प्रणाली (LGPAS) व्यवस्थापन, सार्वजनिक सुनुवाई, घुम्ती सेवा शिविर, सेवा प्रवाहको एकीकृत अनुगमन, विभिन्न दिवशीय कार्यक्रम व्यवस्थापन र सुशासनका अन्तर सम्बन्धित क्षेत्र समन्वय तथा सहकार्यका लागि रु.१५ लाख वजेट विनियोजन गरेको छ ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण

६५. सामाजिक सुरक्षा भत्ता वितरणमा सहज बनाउन र नगरका १४ वडाकै व्यक्तिगत घटना दर्ता, पञ्जीकरण तथा तथ्याङ्क अभिलेखीकरणको कार्यलाई प्रभावकारी बनाउन रु. ४ लाख वजेट विनियोजन गरेको छ ।

## आन्तरिक राजश्व परिचालन

६६. सार्वजनिक प्रशासनिक खर्च व्यवस्थापनका लागि संघीय तथा प्रादेशिक सरकारको राजस्व सम्बन्धी नीतिसँग तादम्यता हुने गरी कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छ ।

६७. राजस्व परामर्श समितिको सुझाव समेतको आधारमा कराधार पहिचान, करदाता शिक्षा र राजस्व चुहावट नियन्त्रण एवं नियमनका लागि रु ५ लाख २५ हजार वजेट विनियोजन गरेको छ ।

६८. कर शुल्क सङ्कलन, जनप्रतिनिधि कर्मचारी क्षमता विकास, वैठक, अन्तर्क्रिया र नदीजन्य पदार्थ सङ्कलनका लागि वातावरणीय परीक्षण लगायत राजस्व परिचालनको क्षेत्रमा १० लाख ७५ हजार वजेट विनियोजन गरेको छ ।

## सार्वजनिक वित्तीय व्यवस्थापन

६९. बजेट निर्माण देखि कार्यान्वियन, अनुगमन, भुक्तानी तथा लेखा परीक्षणसम्मको प्रक्रिया डिजिटल माध्यमबाट पारदर्शी बनाउने व्यवस्था मिलाएको छ । सूत्र प्रणालीको राजश्व मोड्युलबाट नगर तथा वडाबाट राजश्व संकलन कार्यको निरन्तरता र आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र परिमाणमुखी

बनाउन आवश्यक बजेट विनियोजन गरेको छु । यसैगरी नगरको जिन्सी तथा सम्पत्ति भण्डारण र व्यवस्थापन गर्न सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागू गर्न आवश्यक वजेटको व्यवस्था मिलाएको छु।

७०. आवधिक योजनाको साथसाथै मध्यकालीन खर्च संरचना मार्फत विकास प्रशासनको दीर्घकालीन दीगोपन कायम राख्न रु. ५ लाख बजेट विनियोजन गरेको छु।

अन्त्यमा, यो बजेट नगर सञ्चालनको नयाँ सोच र सङ्कल्प, आर्थिक विकासमा रुपान्तरण, नगर निर्माणको मार्गचित्र र नगरवासीसँग गरिएको राजनैतिक करारको कार्यान्वयनको निरन्तरता हो । समुन्नत नगर विकासको लक्ष्य सहितको प्रस्तुत यो वजेटले जनप्रतिनिधिको भूमिकालाई नियन्त्रक र नियामक मात्र नभई अवसरको सर्जकको रुपमा समेत परिभाषित गर्न खोजिएको छ। प्रस्तुत वजेटले अगुवाई गर्न लागेको नगर निर्माणमा लागीपर्ने राजनैतिक दल, निजी क्षेत्र, श्रमिक, किसान, युवा, उद्यमी लगायतका क्षेत्रलाई सहकार्यका लागि अपिल पनि गर्दछु। यो वजेट तर्जुमा गर्नको लागि मार्गदर्शन प्रदान गर्ने संघीय सरकार, प्रादेशिक सरकार, नगर प्रमुख, कार्यापालिकाका सदस्यहरु, वडा समितिका पदाधिकारीहरु, राजनीतिक दलका शीर्ष नेतृत्वहरु, राष्ट्रसेवक कर्मचारीहरु र नागरिक समाज लगायत सुझाव दिने सम्पूर्ण महानुभावहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । प्रस्तुत बजेट कार्यान्वयनमा यहाँहरु सबैको रचनात्मक सहयोग रहने अपेक्षा गरेको छु।

**धन्यवाद !**

**८ आषाढ, २०८३**

**ईश्वरी वस्नेत**
नगर उपप्रमुख
मन्थली नगरपालिका